# सर्वोच्च अदालतबाट जारी भएको

## सूचना

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को संक्रमणबाट हुनसक्ने जोखिम र स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी यस अदालतको पूर्ण बैठकको मिति २०७७।१२।०७ लगायत विभिन्न मितिमा भएका निर्णय एवम् सूचनाबमोजिम कामकारवाहीमा संकुचन र विस्तारसहितको सेवा प्रवाह हुँदै आएको अवगत नै छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१२।०९ को निर्णयबाट नेपाल भर बन्दाबन्दीको घोषणा भई निरन्तरता पाउँदै आएको अवस्थाबाट सेवाग्राहीहरु अदालतमा उपस्थित हुन नसकेको हदम्याद, म्याद, तारिख गुज्रने सन्दर्भमा सोको बाधा अड्काउ फुकाउन यस अदालतको बृहतपूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेश अनुरुप यस अदालतबाट विभिन्न मितिमा सूचनाहरु प्रकाशित भएको समेत विदितै छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।३० को निर्णयबाट नेपाल राज्यभरी सार्वजनिक सवारी साधन तथा हवाई उडानसमेत मिति २०७७।०६।०१ बाट संचालनमा आएको सन्दर्भमा बन्दाबन्दीको अवधिमा गुज्रेको हदम्याद, म्याद, तारिख थाम्ने सम्बन्धमा यस अदालतको बृहतपूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहायबमोजिम हुने बेहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

(१) नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम मिति २०७७।०४।०८ बाट काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात संचालन हुँदै आएकोमा मिति २०७७।०५।०४ बाट उपत्यकाका तीनै जिल्लामा निषेधाज्ञा आदेश जारी भएको र मिति २०७७।०५।२५ बाट निषेधाज्ञा आदेश खुकुलो भई जोरविजोर प्रणालीमा सार्वजनिक यातायातको साधन संचालन भएकोमा सो प्रणालीसमेत अन्त भई सबै सार्वजिनिक यातायातका साधन संचालनमा आएको हुँदा यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका काठमाडौं उपत्याकभित्रका सेवाग्राहीहरू मिति २०७७।०५।२५ देखि बाटाको म्याद बाहेक तीस(३०) दिनभित्र उपस्थित हुन यस अदालतबाट जारी भएको मिति २०७७।०५।२५ को सूचनाबमोजिम हुने।

(२) अन्तर जिल्ला सार्वजनिक यातायात साधन तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय हवाई उडानसमेत २०७७।०६।०१ देखि पूर्ण रूपमा संचालन भएको हुँदा उपत्यका बाहिर र अन्तर जिल्लाका (अदालत रहेको जिल्ला भन्दा फरक जिल्लामा रहेका) अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनु पर्ने अवस्थाका सेवाग्राहीले मिति २०७७।०६।०२ देखि बाटाको म्याद बाहेक ३०(तीस) दिनभित्र उपस्थित हुन।

पुनश्चः सर्वोच्च अदालतमा मुद्दाको सुनुवाई लगायत सेवा प्रवाहको व्यवस्थापनका बारेमा अर्को सूचना प्रकाशित हुने बेहोरासमेत सूचित गरिन्छ।

मितिः २०७७।०६।०२

२०७७।०६।०२

प्रशासन महाशाखा